# मष्टा गाउँपालिका

भातेखोला, बझाङ्ग

# वार्षिक नीति तथा कार्यक्रम

## आ.ब. २०७४।७५

२०७४ साल भाद्र गते

मष्टा गाउँपालिकाको पहिलो गाउँसभाका प्रमुख अतिथि, विशेष अतिथि,
उपस्थित सम्पुर्ण अतिथिगण,
गाउँसभाका सदस्यहरु,
सम्पुर्ण कर्मचारीहरु तथा
उपस्थित सम्पुर्ण बुबा, आमा, दाजु भाई तथा दिदीवहिनीहरु,

नेपालको संविधान, २०७२ जारी भई उक्त संविधानले व्यवस्था गरेबमोजिम देशमा संघीयता कार्यान्वयनमा आएको छ । वि.सं. २००७ साल भन्दा अघि देखिको नेपाली जनताको प्रतीक्षा, वि.सं. २०४६ सालको पहिलो जन आन्दोलन, दश बर्षे सशस्त्र संघर्ष, २०६२।०६३को दोस्रो जनआन्दोलन, दुईपटकसम्म भएको संविधानसभाको निर्वाचन भई जनताका प्रतिनिधिले नै संविधानको निर्माण गरी जारी भइसकेर हाल कार्यान्वयनमा रहेको छ । संविधानले सुनिश्चित गरेका प्रावधानहरुलाई अक्षरसः पालना गर्ने क्रममा स्थानीय तहको निर्वाचन, २०७४ सम्पन्न भईसकेर आज हामी मष्टा गाउँपालिकामा स्थानीय सरकारको रुपमा रही यो कार्यक्रममा वार्षिक नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा निकै हर्षविभोर भएका छौँ । देशलाई यस स्थितमा ल्याइपुर्याउन आफ्नो प्राणोत्सर्ग गर्ने सम्पुर्ण महान सहीदहरु, जनआन्दोलनका घाइतेहरु, द्वन्द्वपीडितहरु तथा देशमा गणतन्त्र स्थापना तथा संघीयता स्थापना गर्न अहम भुमिका खेल्ने सम्पुर्ण ज्ञात अज्ञात व्यक्तिहरुलाई स्मरण र नमन गर्न चाहन्छौँ । संघीयता र स्थानीय सरकार मार्फत गाउँगाउँमा सिंहदरबार, आफ्नो गाउँ आफैँ बनाउँ जस्ता कार्यक्रमहरुलाई मुर्तरुप दिने जिम्मेवारी हाम्रो काँधमा आएको छ । यो हाम्रो लागि अवसर र चुनौति दुवै हो । अधिकार, स्रोत साधन, बजेट, उत्तरदायित्व र जवाफदेहिता समेत स्थानीय तहमा स्थानान्तरण भई तल्लो निकायलाई अधिकारसम्पन्न बनाउने प्रयास गरिएको छ, जुन स्वागतयोग्य छ ।

उपस्थित सम्पुर्ण महानुभावहरु,
अव म यस मष्टा गाउँपालिकाको आ.व.२०७४।०७५ को वार्षिक नीति तथा कार्यक्रम प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

१. विगत १४ वर्षदेखि रिक्त स्थानीय तहको निर्वाचन सम्पन्न भई जनप्रतिनिधि विहीन अवस्थाको अन्त्य भएको छ । अवका दिनमा मष्टा गाउँपालिकाको स्थानीय सरकारले विकट भौगोलिक अवस्थितिमा रहेको यस गाउँपालिकामा सर्वसाधारण जनताले प्रत्यक्ष अनुभुत गर्ने खालका योजना तर्जुमा गर्ने, स्थानीय जनतालाई योजना तर्जुमाका साथै कार्यान्वयनमा प्रत्यक्ष सहभागी गराउने, मागमा आधारित यस क्षेत्रको माटो सुहाउँदो कार्यक्रम तथा विकास गतिविधिहरु सञ्चालन गरी यस क्षेत्रका जनताको गरिवी न्युनीकरण गर्ने प्रमुख नीति लिएको छ ।

२. कुनै पनि क्षेत्रको विकाशको लागि त्यस क्षेत्रका जनताको रोजगारी र आय आर्जनमा बढोत्तरी हुनु पर्दछ । यस मष्टा गाउँपालिकाको विकाशको लागि कृषि क्षेत्रको आधुनिकीकरण र विविधिकरण गरी जनताको आयमा वृद्धी गर्ने नीति गाउँपालिकाले लिनेछ । यसको लागि यस क्षेत्रका जनतालाई परम्परागत कृषि प्रणालीको सट्टा आधुनिक कृषि प्रणाली तर्फ अग्रसर गराई नगदेवाली उत्पादन गर्ने तर्फ आकर्षित गरिने छ । यसको लागि यस क्षेत्रको भौगोलिक अवस्थालाई ध्यान दिई उच्च चिसो भुभागमा स्याउ, ओखर जस्ता चिसो भुभागमा फल्ने फलफूल खेती, जडिबुटी खेती, पशुपालनमा जोड दिईनेछ, मध्य भूभागमा फलफुल खेती एवं वेशी फाँटहरुमा तरकारी उत्पादनमा जोड दिई कृषि विज्ञहरुको सल्लाह र सुझाव अनुरुप जनताको जीवन स्तरमा सुधार ल्याउने नीति लिईनेछ । यसका लागि पशुहरुको नश्ल सुधार गर्ने नीति लिई दुग्धजन्य पदार्थ उत्पादनमा बढोत्तरी गरी कृषकहरुको आय आर्जनमा वृद्धि गर्ने लक्ष गाउँपालिकाको रहेको छ ।

३.  कुनै पनि क्षेत्रमा आवत जावत सुविधाको लागि एवं उत्पादित मालवस्तु निर्यात तथा आवश्यक पर्ने मालवस्तु आयात गर्न यातयातको सुविधा हुनु पर्ने हुन्छ । मष्टा गाउँपालिकामा अझै पनि केही भुभागमा कच्ची सडक भर्खर निर्माणाधिन अवस्थमा रहेकोछ भने गाउँपालिकाको वडा नं २,३, ५, ६,७ मा हाल सम्म सडक सन्जालको सुरुवात नैं हुन सकेको छैन । गाउँपालिकाको यस सडक विहिनताको अवस्थालाई चिर्दै गाउँपालिका क्षेत्रलाई सडक संजाल संग जोड्न गाउँपालिकाले आफ्नो तर्फबाट गर्ने काम गर्दै प्रदेश र केन्द्र सरकार संग सहयोगको लागि अनुरोध गरी अगामी दिनमा गाउँपालिका क्षेत्रलाई सडक सन्जाल संग जोडेर जनताको जीवनस्तरमा सहजता ल्याउने नीति लिईने छ । यसका साथै यस गाउँपालिकालाई सडक सन्जाल संग जोड्न भौगोलिक विकटता र चुनौतीको को रुपमा रहेको अविरल रुपमा प्रवाहित हुने पहिलो स्तरको सेती नदी माथि पुल निर्माण गर्नु पर्ने कार्य रहेको र त्यसका लागि गाउँपालिकाले आफ्नो आन्तरिक स्रोत एवं नेपाल सरकारबाट प्राप्त अनुदान रकमबाट सम्भव नभएकोले ठुला स्तरका योजना केन्द्र सरकारबाट सम्पादन हुने  नेपाल सरकारको नीति अनुरुप सेती नदी माथि सिघ्राती सिघ्र पुल निर्माण गर्ने कार्यको लागि प्रदेश र केन्द्र सरकारलाई अनुरोध गरिनेछ ।

४. मष्टा गाउँपालिका क्षेत्र भित्र जनताको जिउ धनको सुरक्षा गर्ने, प्राकृतिक विपत्ती, आकस्मिक कार्य, सार्वजनिक सम्पत्तीको संरक्षण  एवं जनतालाई विधिको शासनको अनुभुती दिलाउन यस क्षेत्र भित्र प्रहरी चौकी स्थापना हुनु पर्ने अपरिहार्यता रहेको हुँदा यसको लागि पहल गर्न गाउँकार्यपालिको मिति २०७४।३।२६ गते बसेको पहिलो वैठकबाट सर्वसम्मत निर्णय गरी सम्वन्धित नियकामा लेखी पठाई सकिएको छ भने अगामी दिनमा समेत गाँउपालिकाले विशेष पहल कदमी लिई प्रहरी चौकी स्थापना गरी आम जनतालाई शान्ति सुरक्षाको अनुभुती दिलाईनेछ ।

५. मष्टा गाउँपालिका क्षेत्र भित्र स्वास्थ्य चौकीको अवस्था साह्रै दयनीय रहेको छ, यस क्षेत्र भित्र साविकका ४ वटा गा.वि.स.मा चार वटा स्वास्थ्य चौकीहरु रहेता पनि भौतिक सुविधाको हिसावले हेर्दा कुनै पनि स्वास्थ्य चौकीहरु सुविधा सम्पन्न छैनन् । जनताको जीवनमा प्रत्यक्ष सरोकार राख्ने स्वास्थ्य सेवा उपलव्ध गराउन स्थानीय सरकारले कुनै पनि कसर बाँकी राख्ने छैन । यसका लागि गाउँपालिका केन्द्रमा एउटा सुविधा सम्मपन्न अस्पताल निर्माण गर्ने र प्रत्येक वडामा आधारभुत सुविधा सहितका वडा स्वास्थ्य चौकी स्थापना गर्न नेपाल सरकार र प्रदेश सरकारको नीतिको परिधि भित्र रही विशेष पहल गरिनेछ ।

६. मष्टा गाउँपालिका क्षेत्र भित्र रहेको वेरोजगारी समस्या सामाधान गर्न विशष प्राथमिकता दिईनेछ । यसको लागि यस क्षेत्र भित्रका विद्यालयहरुमा क्रमशः प्राविधिक शिक्षामा जोड दिई भावी पिढींलाई रोजगार बन्न प्रेरित गरिनेछ भने शिक्षित युवा वर्गलाई लोक सेवा आयोग लगायत अन्य प्रतिष्पर्धात्मक परीक्षा तयारीका लागि उत्प्रेरित गर्ने नीति अवलम्वन गरिनेछ । स्थानीय स्तरमा उपलव्ध स्रोत साधनलाई अधिकतम परिचालन गरी परम्परागत सीप र ज्ञानको जगेर्ना गर्दै त्यसलाई आधुनिकीकरण गरी जनतलाई स्वरोजगार बनाउने नीति गाउँपालिकाको रहेकोछ ।यस क्षेत्रका जनताको माग र व्यक्तिको क्षमता अनुसार काम गर्ने वातावरण तयार गरी गाउँ गाउँमा रोजगार सृजना गर्ने वातावरण तयार गरिनेछ ।

७. यस क्षेत्र भित्रको प्राकृतिक  रमणियताको भरपुर उपयोग गरी आन्तरिक तथा वाह्य पर्यटकहरु आर्षण गर्ने नीति अवलम्वन गरिनेछ ।यस क्षेत्रको मात्र हैन पुरै बझाङ्ग जिल्ला र छिमेकी जिल्ला अछाम, डोटी, बाजुरा, जुम्ला, मुगु लगायतका क्षेत्रको आस्थाको केन्द्र विन्दुको रुपमा रहेको पवित्र धार्मिक स्थल मष्टा मन्दिरको सुधार र व्यापक प्रचार प्रसार गरी पर्यटक आकर्षित गर्न पहल गरिनेछ । यसै गरी यस गाउँपालिकाको वडा नं. ४ मा प्रकृतिको वरदानको रुपमा रहेको धेरै जस्तो चर्मरोगहरुको रामवाण औषधीको रुपमा रहको तातोपानी क्षेत्रको सुधार, संरक्षण र यसको महत्व वारे आम जनतामा

प्रचार प्रसार गरी भविष्यमा आन्तरिक एवं वाह्य पर्यटकहरु आकर्षित गरी गाउँपालिकाको भरपर्दो राजश्वको श्रोतको रुपमा विकाश गरिनेछ । यसका साथै गाउँपालिका क्षेत्र भित्रका अन्य धार्मिक एवं पर्यटकिय स्थलहरुको पहिचान र विकाश गरी यस क्षेत्रलाई प्रकृतिको सन्दर वगैंचाको रुपमा विकाश गरिनेछ ।

८. मष्टा गाउँपालिकालाई पूर्ण सरसफाईयुक्त गाउँपालिका बनाउन र हरियाली प्रवद्धन गर्न विशेष पहल गरिनेछ ।पूर्ण सरसफाईयुक्त गाउँपालिका बनाउन नेपाल सरकारले तोकेका सूचकहरु पुरा गर्न प्राथमिता दिई काम कारवाही अगाडी बढाईने छ । त्यसै गरी  गाउँपालिका क्षेत्र भित्र हरियाली प्रवर्द्धन गर्न टोल टोलमा जनचेतना अभिवृद्धि गरी सरोकारवाला निकायहरु संग सहयोग र समन्वय गर्दै आम जनतालाई वृक्षारोपण गर्न प्रोत्साहित गरिनेछ । गाउँपालिका क्षेत्र भित्र कुन ठाउमा कुन किसिमको वन जंगल उपयुक्त हुन्छ सम्वन्धित क्षेत्रका विज्ञहरु संग सरसल्लाह गरी सोही अनुरुप कार्यक्रम अगाडी बढाईने छ । गाउँपालिका क्षेत्र भित्र कही कतै पनि नांगा डाँडाहरु नदेखिउन यो नैं गाउँपालिकाको प्रमुख ध्येय रहनेछ ।

९. गाउँपालिका क्षेत्र भित्र २१ औं सताव्दी सुहाउदो प्रतिष्पर्धी शिक्षाको विकाशको लागि गाउँपालिकाले अग्रसरता लिनेछ । यसका लागि गाउँपालिका भित्रका विद्ययालयहरुमा क्रमसः प्राविधिक शिक्षा लागु गर्दै जाने, विद्यार्थीहरुमा नैतिक शिक्षामा जोड दिने, शिक्षक शिक्षिकाहरुलाई  समय सापेक्ष तालिमको व्यवस्था गर्ने, शिक्षकहरुको आचारसंहिता बनाई लागु गर्ने, शिक्षक शिक्षिकाहरुलाई राजनीति प्रति होईन अध्यापन प्रति केन्द्रित हुने वातावरण तयार गरी शिक्षक शिक्षिकाहरुलाई अझै सक्षम र प्रतिष्पर्धी बनाउने नीति लिईनेछ ।

१०. गाउँपालिका क्षेत्र भित्र परम्परागत रुपमा रहेका अन्धविश्वास, कुरितीको रुपमा रहेका  छुवाछुत, छाउपडी प्रथा, बोक्सोबोक्सी जस्ता कुप्रथाहरुलाई हटाई सभ्य समाज निर्माण गर्न विशेष पहलका कार्यक्रमहरु अगाडी बढाईनेछ । यस्ता कुसंस्कारहरुलाई प्रश्रय दिने व्यक्ति वा संस्थालाई दण्ड दिई सम्मानपूर्वक बाच्न पाउने व्यक्तिको हक अधिकारको सुनिश्चित गर्दै मानव

अधिकारको संरक्षण र संम्वर्द्धनमा विशेष जोड दिईने नीति गाउँपालिकाले लिएकोछ ।

११. मष्टा गाउँपालिकामा सहकारी मार्फत वित्तिय सेवा उपलब्ध गराउने र सहकारीको क्षमता विकास गरि प्रत्येक सहकारीमा एक व्यक्ति एक सहकारी सदस्य अभियान सञ्चालन गरिने छ ।

१२. गाउँपालिका क्षेत्र भित्र अगामी आ.व.मा जनताको मागमा आधारित योजना तथा आयोजनाहरु टोल वस्तीबाटै छनौट गरी प्राथमिकता निर्धारण गरी उपलव्ध स्रोतसाधनलाई जनताको माग बमोजिम उपयुक्त क्षेत्रमा लगानी गर्ने नीति लिईने छ । यसको लागि गाउँपालिकामा नेपाल सरकार, प्रदेश सरकार, विभिन्न संघसंस्था तथा दातृ निकायबाट प्राप्त हुने अनुदान रकम र स्थानीय स्तरबाट संकलन भएको राजश्व रकमलाई समन्यायीक वितरणको सिद्धान्त बमोजिम परिचालन गरिनेछ ।

१३. कुनै पनि काम गर्न कुनै एक्लो व्यक्ति वा संस्थाको प्रयास मात्र प्रयाप्त हुदैन यसको सरोकारवाला सवैको सहयोग, साथ र समन्वयको आवश्यक्ता पर्दछ । मष्टा गाउँपालिकाको अगामी आ.व.को नीति तथा कार्यक्रमलाई मुर्तरुप दिन यस क्षेत्रबाट निर्वाचित सम्पुर्ण जनप्रतिनिधिज्यूहरु, कर्मचारीवर्ग तथा आम मष्टा गाउँपालिकावासीहरुको सहयोग र साथ रहने अपेक्षा सहित विदा हुन्छु । धन्यवाद ।